# शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ६) झापा, असार १ गते २०८० साल संख्या १**

**भाग २**

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८०-०२-३२**

**प्रमाणिकरण मितिः २०८०-०३-०१**

## स्थानीय सेवा तह बृद्धितथा बढुवा सम्बन्धि कार्यविधि,२०८०

**१.प्रस्तावना**

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० बमोजिम शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि तथा बढुवा सम्बन्धि कामकाजलाई ब्यवस्थित गर्न बाञ्छनिय भएकोले ,

स्थानीय सेवा (गठन तथ सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**२.संक्षिप्त नाम र प्रारम्भ** —(१) यो कार्यविधिको नाम " **शिवसताक्षी नगरपालिकाको स्थानीय सेवा तहबृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि,२०८०** " हुनेछ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

**३.परिभाषा**- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"अध्यादेश"** भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्दछ ।

(२) **"कर्मचारी"** भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकका स्थानीय निकाय, विकास समिति, संघीय निजामती सेवाबाट स्थानीय तहमा समायोजन भएका र संघीय तथा प्रदेश

लोकसेवा आयोगबाट स्थानीय तहको लागि सिफारिस भै आएका सबै प्रकारका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(३) " **कार्यालय** " भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्दछ ।

(४) " **नगर कार्यपालिका** " शिवसताक्षी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(५) "**प्रदेश लोक सेवा आयोग** " भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग विराटनगरलाई सम्झनु पर्दछ ।

(६) "**संघीय लोक सेवा आयोग**" भन्नाले नेपालको संविधानको भाग २३ को धारा २४२ को उपधारा १ बमोजिमको लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(७) " **प्रमुख प्रशासकीय अधिकृत** " भन्नाले स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १११ बमोजिमका अधिकृतलाई जनाउने छ ।

(८) " **अख्तियारवाला** " भन्नाले स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५ बमोजिमको अधिकारीलाई जनाउने छ ।

(९) "**समायोजन ऐन**" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

**४.सूचना प्रकाशन सम्बन्धि ब्यवस्था** —(१) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिम तहबृद्धिका लागि प्रत्येक वर्षको ज्येष्ठ महिना र मंसीर महिनाको अन्तिम हप्तामा तहबृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुको जानकारीका लागि ३०(तीस) दिनको म्याद दिई अनुसूची-१ अनुसारको दरखास्त आव्हान सम्बन्धि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) तहबृद्धिका लागि उपदफा १ बमोजिम सुचनामा तोकिएको मिति भित्र दरखास्त दिने उम्मेदवारहरुले दरखास्तका साथ हालको पदको नियुक्ति पत्र,समायोजनको पत्र, स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिम न्युनतम शैक्षिक योग्यता हासिल गरेको शैक्षिक प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु सम्लग्न गर्नु पर्नेछ ।

**५. सिफारिस समिति गठन सम्बन्धी ब्यवस्था** — (१) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा ३ बमोजिमको देहाय अनुसारको तहबृद्धि सिफारिस समिति रहने छ र सो समितिले दफा २८ को उपदफा १ बमोजिमको प्रकृया अनुसार कामकाज गर्नेछ ।

**<u>देहाय</u>**

(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) नगरपालिकाका बरिष्ट कर्मचारी मध्ये एक जना महिला सहित नगर कार्यपालिकाले तोकेको २ जना कर्मचारी -सदस्य

**६ आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधी सम्बन्धी ब्यवस्था–**

(१) दफा ४ को उपदफा १ बमोजिम तहबृद्धिका लागि स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ बमोजिमको न्युनतम शैक्षिक योग्यता पुरा भएको हुनु पर्नेछ ।

(२) दफा ४ को उपदफा १ बमोजिम तहबृद्धिका लागि हाल नियुक्ति भएको पदको सेवा अबधी दरखास्त दिने अन्तिम मिति सम्ममा पाँच वर्ष पुरा भएको हुनु पर्नेछ ।

(३) दफा ७ को उपदफा ३ बमोजिमको बढुवाका लागि स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २९ को उपदफा १ बमोजिम न्युनतम शैक्षिक योग्यता पुरा भएको हुनु पर्नेछ ।

(४) दफा ७ को उपदफा ३ बमोजिमको बढुवाका लागि स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २९ को उपदफा १ बमोजिमको सेवा अवधी पुरा भएको हुनु पर्नेछ ।

**७ तहबृद्धि सम्बन्धी विशेष ब्यवस्था—**

(१) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १४ बमोजिम सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले पाँचौतहको तहबृद्धि सम्बन्धि निर्णय गरी नियुक्ति पत्र दिइनेछ ।

(२) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १६ बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधी ५ वर्ष पुरा गरेका पाँचौ,सातौ र नवौ तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पुरा गरी क्रमश छैटौ,आठौ र दशौ तहमा एक तह बृद्धि गरिनेछ ।

(३) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ८ को उपदफा १६ बमोजिम अधिकृतस्तर सातौ र नवौ तहका पदहरुमा अध्यादेशको दफा २९ को प्रकृया पुरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्धारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भईसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौ तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौ तह कायम गरी दिने । यसरी सातौ तह कायम गर्नु पूर्व संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्विकृत गर्नु पर्नेछ ।

(५) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ४ को उपदफा ५ बमोजिमको तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति दिनु पर्नेछ ।

(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी ब्यवस्था-ः कोशी प्रदेश वाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दि भएको स्थानीय तहमा तह बृद्धि हुने एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दि/पदाधिकार रहेको कार्यालयमा तहबृद्धि गरिनेछ ।

८ **ज्येष्ठता सम्बन्धि ब्यवस्था—**

(१) तहबृद्धि हुने कर्मचारीको स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण १ गते र माघ १ गते बाट ज्येष्ठता कायम हुनेछ ।

**९. बाधा अडकाउ फूकाउने सम्बन्धि ब्यवस्था -**

(१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

**१०. तहबृद्धि गर्न नहुने सम्बन्धि ब्यवस्था** -

(१) देहायको अवस्था रहेमा तह बृद्धिका लागि उम्मेदवार हुन पाउने छैन ।

देहाय-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ,

(ख) तह बृद्धि वा बढुवा रोक्का भएकोमा सो अवधिभर ,

(ग) तलब बृद्धि रोक्का भएकोमा सो अवधिभर ,

(घ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समुह परिवर्तन भएको मितिले ३ वर्षको अवधि पुरा नभएको ,

(ङ) असाधारण वा अध्ययन विदामा बसेको भए सो विदाको अवधिभर ,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी ब्यवसायिक परिषदमा नाम दर्ता निलम्बल भएको भए त्यस्तो निलम्बनको अवधिभर,

**११. जानकारी दिनु पर्ने सम्बन्धि ब्यवस्था** -

(१) दफा ४ र दफा ७ बमोजिम तहबृद्धि भएको मितिले पन्ध्र (१५) दिन भित्रमा सो को जानकारी प्रदेश किताबखाना, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

**१२. उजुरी/गुनासो सम्बन्धि ब्यवस्था**- (१) यो कार्यविधि बमोजिम तहबृद्धिको निर्णय उपर चित्त नबुझे तहबृद्धिको निर्णय भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा निवेदन दिन सक्नेछन ।

**१३. प्रचलित कानुन बमोजिम हुने ब्यवस्था**-(१) यस कार्यविधिमा उल्लेख भएको हकमा कार्यविधि बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची- १

कार्यविधिको दफा ४ को उपदफा १ सँग सम्बन्धित

मितिः ................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
शिवसताक्षी नगरपालिका कार्यालय, ब्याङ्गडाँडा, झापा ।

विषयः- **तहबृद्धि/ तह कायम सम्बन्धमा** ।

प्रस्तुत विषयमा **शिवसताक्षी नगरपालिकाको स्थानीय सेवा तहबृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८०"** को दफा ४ को उपदफा........... र दफा ७ को उपदफा ...........बमोजिम देहायका प्रमाण पत्रहरु सम्लग्न राखी तहबृद्धि/तह कायम/बढुवा का लागि यो निवेदन पेश गरेको छु ।

**निवेदनका साथ पेश गरेका कागजातहरु**

क) समायोजन पत्रको प्रतिलिपि ।

ख) स्थायी नियुक्ति/बढुवा/स्तरवृद्धी/तहवृद्धी भएको पत्रको प्रतिलिपि ।

ग) सिफारिस पत्र (संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सेवाको छैटौ तहको पदमा सिफारिस भएका कर्मचारीको हकमा)

घ) तोकिएको शैक्षिक योग्यताको लब्धाँक पत्र र चारित्रिक प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

ङ) स्वघोषणाः....................................................................................................
..........................................................................................................................
..........

निवेदक

कर्मचारीको नाम/थरः- ...............................................

संकेत नं.:- ................................................

समायोजन मितिः- ..........................................

हालको पद र तहः- ..........................................

सेवा/समुहः- .............................................................

**अनुसूची -२**

कार्यविधिको दफा ७ उपदफा ७ संग सम्बन्धित

(कार्यालयको लेटर हेड)

मिति-.

विषय- तहबृद्धि /तह कायम सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा .............बमोजिम तपाईलाई यस कार्यालयको मिति .............. को निर्णय अनुसार नियम बमोजिम ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहबृद्धि/ तह कायम गरिएको छ ।

तहबृद्धि/तह कायम हुनु भएकोमा बधाई छ ।

| **हालको विवरण** | **तहबृद्धि भएको विवरण** |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समुह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समुह -<br>कार्यालय- |

श्री .......................................

संकेत नं..................................

.............................

प्रमुख प्रशासकीय

अधिकृत

<u>वोधार्थ-</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(स्थानीय तह कर्मचारी प्रशासन शाखा) सिंहदरवार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री लोक सेवा आयोग , केन्द्रीय कार्यालय काठमाडौ ।

श्री प्रदेश लोक सेवा आयोग , कोशी प्रदेश विराटनगर नेपाल ।

श्री राष्ट्रिय कितावखाना(निजामती), हरिहरभवन ललितपुर ।

श्री प्रदेश कितावखाना , कोशी प्रदेश विराटनगर नेपाल ।

श्री कर्मचारी सञ्चयकोष , विराटनगर।

श्री नागरिक लगानी कोष, विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, भद्रपुर, झापा ।

श्री आर्थिक प्रशासन शाखा, शिवसताक्षी नगरपालिका झापा ।

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**